# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४, संख्या १६, फाल्गुण १३ गते २०७८ साल


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिम कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-२

## आर्थिक सहायता तथा राहत वितरण सम्बन्धी कार्यविधि, (दोश्रो संशोधन) २०७८

पहिलो संशोधन २०८२/०६/३१ दोश्रो संशोधन २०८२/१२/०८

**प्रस्तावना,**

आर्थिक रुपले अति विपन्न गरिव, निमुखा, दिर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांग, बेवास्तामा परेका ज्येष्ठ नागरिककोहरु, प्राकृतिक विपदमा परी क्षेति पुगेका नागरिकहरुलाइे आर्थिक सहायता प्रदान गर्न आवश्यक कानून निर्माण गरी आर्थिक सहायता तथा राहत वितरणमा एकरुपता ल्याई स्थानीय सरकारवाट प्रदान हुने आर्थिक सहायता एवं राहत समान ढंगले वितरण होस भन्ने उद्धेश्यले कार्यविधि बनाई लागु गर्न बशाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चामुण्डाविन्द्रासैनी नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “आर्थिक सहायता तथा राहत वितरण सम्बन्धी कार्यविधि, २०७८” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा** : विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “नगरपालिका” भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) “नगर कार्यपालिका” भन्नाले चामुण्डाविन्द्रासैनी नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) ........“आर्थिक सहायता पाउन योग्य व्यक्ति” भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको मुटु, मृगौला, फोक्सो, कलेजोजस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं. क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं.





बेचविखनमा परेका महिलाहरु, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुर्व्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा, नगरपालिकामा लामो समयसम्म कार्यरत कर्मचारी, जन प्रतिनिधिहरु तथा प्राकृतिक विपदमा परेकाहरुलाई सम्झनु पर्दछ ।

पहिलो संशोधनबाट संशोधित

(घ) “न्यायिक समिति” भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(ङ) “नगर प्रमुख” भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(च) “उप्रमुख” भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) “आर्थिक सहायता तथा राहत” भन्नाले खण्ड (ग) बमोजिम पिडित व्यक्तिलाई सहायता वापत चामुण्डाविन्द्रासैनी नगरपालिकावाट प्रदान गरिने सहयोग सम्झनुपर्दछ ।

(झ) “वडा समिति” भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाभित्रका सबै वडालाई सम्झनुपर्दछ ।

(ञ) “सभा” भन्नाले यस चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगरसभालाई सम्झनुपर्दछ ।

### परिच्छेद - २

### आर्थिक सहायता तथा राहत वितरण सम्बन्धि प्रकृया

**३. आर्थिक सहायता लिनका लागि निवेदन दिनु पर्ने** : (१) यस कार्यविधिको दफा २ को खण्ड (ग) बमोजिम आर्थिक सहायता पाउन योग्य चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्र भित्र स्थायी बसोवास गर्ने नागरिकहरुले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित अनुसूची - १ बमोजिम स्वयं पिडित व्यक्ति आई नगरपालिकामा आफै निवेदन दिनुपर्नेछ ।

स्पष्टिकरण “आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनि सम्बन्धित वडाले प्रमाणित गरेको सिफारिस सहितको कागजात, उपचार गरेको अस्पतालको सबै रिपोर्ट लगायतका अन्य आवश्यक कागजात बुझ्नु पर्दछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि पिडित व्यक्ति स्यमं उपस्थित भई निवेद दिन असमर्थ भएको अवस्थामा सम्बन्धित पिडित व्यक्तिको नजिकको हकदार हो भनी प्रमाणित हुने खालका प्रमाणपत्र सहित सम्बन्धित वडाको सिफारिस लिई आएमा त्यस्तो पिडित व्यक्तिको संरक्षकले पनि निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस नगरपालिका क्षेत्र भित्र स्थायी बसोवास नगर्ने कुनै व्यवशाय वा अन्य कुनै उद्धेश्यले अस्थायी रुपमा विगत दुई वर्ष देखि लगातार बसोवास गर्दै आएका नागरिकहरुलाई पनि आवश्यक प्रकृया पुर्‍याई निवेदन लिई आएमा नगर कार्यपालिकाले निर्णय गरी आर्थिक सहायता तथा राहत स्वरुपको रकम प्रदान गर्न सक्नेछ ।

(४) आर्थिक सहायताका लागि नगरपालिकामा निवेदन दिंदा देहाय बमोजिम विवरण संलग्न गर्नु पर्नेछ :-

(क) सम्बन्धित वडा कार्यालयबाट वडा समितिको वडा समिति बैठकको निर्णय सहितको सिफारिस पत्र,

(ख) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) चामुण्डाबिन्द्रासैनी नगरपालिकाको स्थायी बसोवास खुलेको कागजात,

(घ) गम्भिर रोग/जटिल प्रकृतिका दिर्घरोगी, चोटपटक लागेका विरामी भएका व्यक्तिको हकमा स्वीकृत चिकित्सकको सिफारिस ।

<u>**दोश्रो संशोधनबाट थप गरिएको**</u>

**४.कार्यपालिकाले निर्णय गर्नु पर्ने** : (१) कार्यविधिको दफा ३ को उपदफा (३) बमोजिम नगरपालिकाले आर्थिक सहायता तथा राहत वितरण गर्दा कार्यपालिकाले निर्णय गर्नु पर्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकावाट आर्थिक सहायता तथा राहत वापत प्रदान गरिने रु. पाँच हजार देखि बीस हजार रुपैयाँ सम्मको सहायता तथा राहत रकम आगामी कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने गरी नगर प्रमुखको समन्वयमा प्रमुख प्रशासकीय अधिकृतले प्रदान गर्न सक्नेछ ।

**५.आर्थिक सहायता तथा राहत वितरण तोकिए बमोजिम हुने** : नगरपालिकाले वितरण गर्ने आर्थिक सहायता तथा राहत प्राप्त गर्न देहाय बमोजिम तोकिएका पिडित व्यक्तिहरुले नगरपालिकमा दिएको निवेदन तथा पेश गरेका कागज प्रमाणहरु उपर कार्यपालिकामा छलफल भई निर्णय गरिएको रकम मात्र प्राप्त गर्न सक्नेछन ।

(क) क्यान्सर, मेरुदण्ड पक्षघात, अङ्ग प्रत्यारोपण समेतका निकै जटिल प्रकृतिका दीर्घ रोगी र जङ्गली जनावरको आक्रमणबाट अङ्ग भङ्ग भई गम्भिर घाइते भएका तथा मृत्यू भएका परिवारहरुलाई समेत बढीमा पचास हजार रुपैयाँ सम्म ।

(ख) गम्भीर प्रकृतिको रोग वा घातक रोग, मुटु तथा मृगौला सम्बन्धी रोग, दुर्घटना तथा चोटपटकबाट गम्भीर रुपमा घाइते भएका, गम्भीर शारीरिक वा मानसिक समस्या वा गम्भीर अपाङ्गता भएकै कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन कठिनाइ भएका व्यक्तिको उपचार सहयोग र निरन्तर रुपमा औषधि सेवन गरिरहनु पर्ने लगायतका खर्च जुटाउन नसकेका परिवार सदस्यहरुलाई बढीमा एक लाख रुपैयाँ सम्म ।

(ग) अनाथ/असहाय/अशक्त बालबालिका वा बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक समस्या भएका, अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिकाको पालनपोषण, हेरचाह, शिक्षादिक्षा तथा संरक्षण सहयोगका





लागि पन्ध्र हजार रुपैयाँ सम्म ।

(घ) जोखिममा परेका प्राकृतिक वा मानवीय कारणले सिर्जित आपतकालिन संरक्षणका लागि दश हजार रुपैयाँ सम्म ।

(ङ) आर्थिक विपन्नताकै कारण सानोतिनो पेशा व्यवसासय सञ्चालन गर्न नसकी आफूसँग आश्रित परिवार पाल्न दैनिक कठिनाई भोगिरहेका साहारा विहिन व्यक्तिका लागि पन्ध्र हजार रुपैयाँ सम्म ।

(च) विपन्न परिवारका बालबालिकाका लागि लत्ता, कपडा, विद्यालय पोशाक, झोला तथा शैक्षिक सामाग्री वा सामान्य उपचार सहयोगका लागि दश हजार रुपैयाँ सम्म ।

<u>**दोश्रो संशोधनबाट थप गरिएको**</u>

**६. पूर्व शर्त पूरा गर्नु पर्ने** : (१) यस नगरपालिकावाट वितरण हुने आर्थिक सहायता तथा राहत रकम प्राप्त गर्ने पिडित नागरिकले त्यस्तो रकम प्राप्त गर्नको लागि देहाय बमोजिका शर्तहरु पुरा गरेको हुनु पर्नेछ ।

क) नगरपालिकामा पेश्की तथा कुनै बेरुजु नभएको ,

ख) नगरपालिकालाई नियमानुसार तिर्नुपर्ने कर, महशुल, सेवा शुल्क आदि तिरेको,

ग) ........ दिर्घ रोगी क्यान्सर रोग तथा अन्य रोगबाट पिडित व्यक्तिहरुले उपचार गर्दा सरकारी अस्पतालमा मात्र गरेको हुनु पर्ने तथा उपचारसँग सम्बन्धित विल भरपाई र अन्य सम्बन्धित कागजात अनिवार्य पेश गर्नु पर्ने छ ।

<u>**पहिलो संशोधनबाट संशोधित**</u>

(२) माथि उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि आकस्मिक रुपमा केही कारणले चोटपटक लागि उपचार गर्नुपर्ने अवस्थामा निजि अस्पताल, क्लिनिक वा कुनै मेडिकलहरुमा उपचार गराए वापत बढीमा तीन हजार सम्मको भुक्तानी गर्न सकिनेछ ।

**७.आर्थिक सहायता समिति** : आर्थिक सहायता वितरणका लागि नगरपालिकामा देहाय बमोजिम एक आर्थिक सहायता समिति गठन हुनेछ :-

| | |
|---|---|
| (क) नगर प्रमुख | -संयोजक |
| (ख) नगर उप-प्रमुख | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) सामाजिक विकास समिति संयोजक | -सदस्य |
| (ङ) स्वास्थ्य तथा सामाजिक महाशाखा प्रमुख | -सदस्य |
| (च) आर्थिक प्रशासन महाशाखा प्रमुख | -सदस्य |
| (छ) जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख | -सदस्य सचिव |

<u>**दोश्रो संशोधनबाट थप गरिएको**</u>

**८.झुठा विवरण पेश गरी आर्थिक सहायता लिन नहुने** : (१) नगरपालिकाले प्रदान गर्ने आर्थिक सहायता तथा राहत कसैले झुठा विवरण पेश गरि लिन हुँदैन ।

(२) आर्थिक सहायता तथा राहत रकम लिने उद्धेश्यले यदी कसैले झुठा विवरण पेश गर्ने व्यक्ति वा त्यस्तो व्यक्तिलाई झुठा विवरण बनाई सिफारिस गर्ने सिफारिसकर्ता दुबैलाई प्रचलित कानून बमोजिम कडा कार्वाही हुनेछ ।

## परिच्छेद - ३
## कोष सम्बन्धी व्यवस्था

**९. कोष स्थापना गर्नुपर्ने** : (१) यस कार्यविधि बमोजिम तोकिएका क्षेत्र भित्र पर्ने पिडित व्यक्तिहरुलाई आर्थिक सहायता तथा राहत वितरण गर्न एक आकस्मिक कोष स्थापना गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

(क) पिडित नागरिकहरुलाई आर्थिक सहायता राहत वितरणका लागि नगरपालिकाको नगरसभाले विनियोजन गरेको रकम,

(ख) संघीय सरकार, प्रदेश सरकारबाट आकस्मीक कोषको लागि प्राप्त अनुदान रकम,

(ग) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आकस्मीक कार्य (आर्थिक सहायता, प्रकोप पीडित राहत) को लागि प्राप्त सहयोग वा अनुदान रकम,

(घ) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम

(ङ) अन्य ।

(३) कोष को रकम सम्बन्धी अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१०. कोषको सञ्चालन** : कार्यविधिको दफा ६ बमोजिम स्थापित कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतवाट हुनेछ ।

## परिच्छेद -४
## विविध

**११. यसै कार्यविधि बमोजिम मानिने** : नगरपालिकामा यो कार्यविधि बन्नु अघि भए गरेका सबै काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

**१२. संशोधन गर्न सक्ने** : यस कार्यविधिमा आवश्यकता अनुसार नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१३.स्वतः खारेज हुने** : यो कार्यविधि तथा यसका दफा संघ तथा प्रदेश कानूनसँग बाझिएको हदसम्म स्वतः खारेज भएको मानिनेछ ।





## अनुसूची- १
(दफा ३ सँग सम्बन्धित)
## निवेदनको ढाँचा

मिति :

श्री नगर प्रमुखज्यू
चामुण्डाबिन्द्रासैनी नगरपालिका
जम्बुकाँध, दैलेख ।

विषय : आर्थिक सहायता सहयोग उपलब्ध गरीपाउँ ।

महोदय,

कर्णाली प्रदेश दैलेख जिल्ला चामुण्डाबिन्द्रासैनी नगरपालिका वडा नं. .... स्थायी बसोवास गर्ने श्री ............... को नाति/नातिनी, श्री ................... को छोरा/छोरी श्री ....................... को श्रीमान/श्रीमति श्री ............... अनाथ/असहाय/अशक्त/विपन्न परिवारको भएकोले आवश्यक कागजात सहित संलग्न राखी रोगको उपचार भइ रहेको/भएको/गर्नुपर्ने भएकाले पालनपोषण, हेरचाह, शिक्षादिक्षा उपचार, संरक्षण तथा जीविकोपार्जनको लागि नियमानुसार को आर्थिक राहत सहयोग उपलब्ध गराइदिनु हुन अनुरोध छ। चालु आर्थिक वर्षमा माथि उल्लेखित कार्य प्रयोजनका लागि कुनै निकाय वा संस्थाबाट सहयोग प्राप्त गरेको छैन वा निकाय/संस्था/व्यक्तिबाट रु. ........ अपुग हुन गंको व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न कागजातहरु**

१. सम्बन्धित वडा समितिको बैठकको निर्णय सहितको सिफारिस पत्र ।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ( बालबालिकाको हकमा)
३. नाता प्रमाणितको सिफारिस पत्र
४. गम्भीर रोग/जटिल प्रकृतिका दीर्घरोगी, चोटपटक लालेका विरामी भएका व्यक्तिको हकमा स्वीकृत प्राप्त चिकित्सकको सिफारिस सहितका कागजातहरुको फोटोकपि ।
५. प्रतिवद्धता पत्र ।

निवेदक
नाम :
दस्तखत :
ठेगाना :
सम्पर्क नं.

**दोश्रो संशोधन**

आज्ञाले
श्याम बहादुर रावत
नि.प्रमुख प्रशासकीय अधिकृत